**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**फैसला**

**०७५-RB-०१५८**

| | |
|---|---|
| काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ नारायणचौरस्थित एस डेभलपमेण्ट बैंक लि. को तर्फबाट ऐ. का अख्तियार प्राप्त का.मु. प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठ.........................................................................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| ठुला करदाता कार्यालय, ललितपुर..........................................................१ | विपक्षी वादी |

**०७३-RB-०१४३**

| | |
|---|---|
| ठुला करदाता कार्यालय, ललितपुर..........................................................१ | पुनरावेदक वादी |

**विरुद्ध**

| | |
|---|---|
| काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ नारायणचौरस्थित एस डेभलपमेण्ट बैंक लि. .........................................................................................१ | विपक्षी प्रतिवादी |

**मुद्दाः- आयकर(०६३।०६४)।**

**सुरु तहमा फैसला गर्नेः-** माननीय अध्यक्ष श्री दीपककुमार कार्की
लेखा सदस्य श्री भोलाप्रसाद खकुरेल
राजस्व सदस्य श्री यज्ञवल्क उपाध्याय
राजस्व न्यायाधिकरण, काठमाडौं
फैसला मितिः- २०७०।६।९

राजश्व न्यायाधीकरण काठमाडौंको मिति २०७०।६।९ को फैसलामा चित्त नबुझाई करदाता एस डेभलपमेन्ट बैंक र ठूला करदाता कार्यालयको तर्फबाट राजस्व न्यायाधिकरण ऐन,

२०३१ को दफा ८ बमोजिम अनुमतिको निवेदन परी अनुमति प्रदान भई पुनरावेदनको रोहमा नियमानुसार पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१. एस डेभलपमेण्ट बैंक लि. ले आ.व. २०६३।०६४ को लागि आयकर ऐन २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु. ३,२४,९९,५४३।- कायम गरी ठूला करदाता कार्यालयमा मिति २०६४।९।२९ मा आय विवरण पेश गरेका रहेछन्।

२. करदाताबाट पेश भएको आ.व. २०६३।०६४ को आय विवरणको विस्तृत छानबिन गर्ने क्रममा खाता, वही, विल, भौचर, प्रमाण र फाँटवारी आदि परीक्षण गर्दा ऐन बमोजिम कट्टी गर्न नपाउने देखिएको खर्च रकम छुट नदिई संशोधित कर निर्धारण गर्नुपर्ने देखिएको हुँदा सो बमोजिम गर्नु नपर्ने भए त्यस सम्बन्धमा सबुद प्रमाण भए १५ दिन भित्र पेश गर्नु हुन भनी ऐनको दफा १०१(६) बमोजिम प्रत्यर्थी कार्यालयको तर्फबाट करदातालाई मिति २०६८।२।२४ मा सूचना दिएको।

३. मिति २०६८।२।२४ को सूचनामा उल्लेखित रकमहरुको सम्बन्धमा ATM Machine, Locker लगायत सवारी साधनको ह्रास खर्च सम्बन्धमा रकम आयकर ऐन, २०५८ को अनुसूची २ को दफा १ बमोजिम समुह ख मा समुहकृत गरी कानून बमोजिम ह्रास खर्च दावी गरेका हौं। व्याज खर्च लेखाको सर्वमान्य सिद्धान्त र आयकर ऐन, २०५८ दफा २४ को अनुरुप Accrual Basis मा लेखांकन गरी आएको छ। रु. २३,१४८।- को सम्बन्धमा सो रकम Premium हो र त्यसलाई Amortize गरी खर्च माग गरेका हौं। तसर्थ कम्पनीको आय आर्जनसँग सम्बन्धित रकमहरु कट्टी पाउनु पर्छ भन्ने बेहोरा उल्लेख गरी करदाताको तर्फबाट प्रत्यर्थी कार्यालयमा मिति २०६८।९।३ मा जवाफ दर्ता गराएको।

४. करदाताको आ.व. २०६३।०६४ को लागि करयोग्य आय जम्मा रु. ३,५८,६५,७८६।- आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करयोग्य आय कायम गर्ने गरी ठूला करदाता कार्यालयबाट मिति २०६८।३।१३ गतेका दिन संशोधित कर निर्धारण गर्न निर्णय पर्चा खडा भएको र सो बमोजिम करदाताको नाममा मिति २०६८।३।२० मा नै संशोधित कर निर्धारण आदेशको सूचना जारी भएको।

५. मिति २०६८।३।१३ को कर निर्धारण निर्णयमा चित्त नबुझाई करदाताले आन्तरिक राजश्व विभागका महानिर्देशक समक्ष निवेदन दिएकोमा करदाताको निवेदन जिकिर कार्यालयको प्रतिक्रिया तथा सक्कल फाइलसाथ संलग्न कागजातहरुको अध्ययन तथा विश्लेषण गर्दा

कार्यालयले गरेको संशोधित कर निर्धारणको निर्णय कानून सम्मत भएको देखिएकोले निवेदकले लिएको निवेदन जिकिर पुग्न नसक्ने भई खारेज हुने ठहर्छ भनी आन्तरिक राजश्व विभागबाट मिति २०६८।११।११ मा भएको निर्णय।

६. ठूला करदाता कार्यालयको मिति २०६८।३।१३ को निर्णय तथा आन्तरिक राजश्व विभागको मिति २०६८।११।११ को निर्णय अनुसार तपसिलमा उल्लेखित रकमलाई थप आय कायम गरी संशोधित कर निर्धारण गर्ने गरी गरिएको निर्णय कानून सम्मत नहुँदा उक्त आदेश र निर्णय उल्टी गरी पाउँ भन्ने बेहोरा उल्लेख गरी करदाता एस डेभलपमेण्ट बैंक लि. ले राजश्व न्यायाधिकरण काठमाडौंमा गरेको पुनरावेदनपत्र।

- ATM Machine समेतको ह्रास खर्च.................. रु. १,७८,०१७।-
- व्याज खर्च............................................... रु. १८,७७,५३५।-
- सवारी साधनहरुको ह्रास खर्च......................... रु. १२,८७,५४३।-
- Bond Premium........................................ रु. २३,१४८।-

७. ठूला करदाता कार्यालयको मिति २०६८।३।१३ को निर्णय र सो लाई सदर गर्ने गरेको आन्तरिक राजश्व विभागको मिति २०६८।११।१ को निर्णयमा ATM Machine, लकर, जेनेरेटरमा ह्रास खर्च नदिने गरी गरेको निर्णय सो हदसम्म मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ। व्याज खर्च, स्टाफ भेइकल फेसिलिटी (Loan Scheme) अन्तरगतको ह्रास खर्च र Bond Premium को Amortization खर्च नदिने गरी गरेको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०७०।६।९ को फैसला।

८. राजश्व न्यायाधीकरण काठमाडौंले देहायका शिर्षकमा छुट नदिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी सो रकम खुद आयबाट मिन्हा दिने गरी निर्णय गरी पाउँ भनी एस डेभलपमेन्ट बैंकको यस अदालतको परेको निवेदन पत्र।

क. व्याज खर्च...................................................... रु. १८,७७,५३५।-

ख. सवारी साधनको ह्रास खर्च.................................. रु. १२,८७,५४३।-

ग. Bond Premium बापतको ......................................रु. २३,१४८।-

९. यसमा कर्मचारीहरुलाई प्रयोग गर्न दिएको सवारी साधन बैंककै स्वामित्वमा रही एउटा स्कीम अन्तरगत कर्मचारीलाई प्रयोग गर्न दिइएको अवस्थामा सो सवारी साधनसमेत बापत ह्रासकट्टी नदिने गरी भएको राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०७०।६।९ को फैसलामा आयकर ऐन, २०५८ को दफा १९ तथा २७(१)(ख) को व्याख्याको प्रश्न सन्निहित देखिँदा

राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(घ) बमोजिम पुनरावेदनको अनुमति प्रदान गरिदिएको छ भन्ने समेत बेहोराको यस अदालतको मिति २०७५।५।२९ को आदेश।

१०. राजश्व न्यायाधीकरण काठमाडौंले करदाताको विवादित आ.व. को खर्च मध्ये देहायको शिर्षकको रकम मिन्हा दिने गरी भएको निर्णय बदर गरी शुरु ठूला करदाता कार्यालयले गरेको निर्णय सदर गरी पाउँ भन्ने समेत बेहोराको ठूला करदाता कार्यालयको निवेदन।

क. ATM Machine/Generator बापतको.......................... रु. १,७८,०१७।-

११. यसमा प्रतिष्ठानको दिनानुदिनुको कार्यालय संचालनका लागि नभई नहुने अत्यावश्यक वस्तुको रुपमा ATM Machine समेतको अनिवार्यता देखिएको, प्रयोगकर्ताबाट अतिरिक्त दस्तुर लिई छिटो छरितो र प्रतिस्पर्धी सेवा प्रदान गर्ने उद्देश्यले खरिद गरिएको उक्त ATM Machine समेतको खर्च कार्यालय संचालन खर्चमा समावेश गरी सो शीर्षकमा दावी गरिएको खर्च आयकर ऐन, २०५८ को दफा १९(१) तथा ऐ. ऐनको अनुसूची २ को १ नं. को (ख) अन्तर्गत समावेश हुने गरी राजश्व न्यायाधिकरणबाट मिति २०७०।६।९ मा भएको फैसलामा उक्त ऐन तथा सोही अनुसूची २ को १ नं. को समुह (घ) समेतको व्याख्यात्मक त्रुटि विद्यमान रहेको देखिएकोले राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(घ) बमोजिम पुनरावेदन गर्न अनुमति प्रदान गरिदिएको छ। नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०७३।८।२४ को आदेश।

## ठहर खण्ड

१२. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन सहितका मिसिलहरु अध्ययन गरियो।

१३. पुनरावेदक वादी ठूला करदाता कार्यालय, ललितपुरको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री अच्चुतमणि न्यौपानेले ATM मेसिनमा ह्रास खर्च कट्टी गर्न दिने गरी भएको राजश्व न्यायाधीकरण काठमाडौंको निर्णय बदर गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

१४. त्यसैगरी पुनरावेदक प्रतिवादी एस डेभलपमेन्ट बैंकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शिवकुमार श्रेष्ठले बैंकले ब्याज खर्च, सवारी साधनको ह्रास खर्च र Bond Premium बापतको रकम खुद आयबाट मिन्हा दिन नमिल्ने भनी भएको निर्णय बदर गरी खुद आयबाट सो शिर्षकको रकमहरु छुट पाउने गरी निर्णय गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१५. विद्वान कानून व्यवसायीहरुको बहस समेत सुनी मिसिल अध्ययन गर्दा प्रस्तुत मुद्दाका दुवै पक्षहरु (ठूला करदाता कार्यालय र एस डेभलपमेन्ट बैंक) को तर्फबाट राजश्व

न्यायाधीकरण, काठमाडौंको मिति २०७०।६।९ को फैसला उपर पुनरावेदन पर्न आएको देखिँदा प्रस्तुत मुद्दामा राजश्व न्यायाधीकरण काठमाडौंबाट भएको मिति २०७०।६।९ को फैसला मिलेको छ छैन? पुनरावेदक वादी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

१६. निर्णयतर्फ विचार गर्दा करदाता एस डेभलपमेन्ट बैंकले आ.व. २०६३।०६४ को आय विवरण ठूला करदाता कार्यालयमा पेश गरेकोमा ठूला करदाता कार्यालयले निज करदाताको करयोग्य आय भएको ठहऱ्याई संसोधित कर निर्धारण गरेकोमा सो निर्णयमा चित्त नबुझाई करदाता एस डेभलपमेन्ट बैंक आन्तरिक राजश्व विभागमा निवेदन दिएकोमा आन्तरिक राजश्व विभागले ठूला करदाता कार्यालयले गरेको अन्तिम कर निर्धारण आदेशलाई सदर हुने ठहऱ्याई भएको निर्णय बदर गर्न माग गरी राजश्व न्यायाधीकरण काठमाडौंमा पुनरावेदन गरेको देखियो। यसरी परेको पुनरावेदन उपर राजश्व न्यायाधीकरण काठमाडौंबाट फैसला हुँदा ATM Machine/Generator बापतको रकम खर्च कट्टी दिने गरी र अन्य शिर्षकमा भएको खर्च कट्टी गर्न नमिल्ने गरी भएको फैसलामा चित्त नबुझाई ठूला करदाता कार्यालय तथा करदाता एस डेभलपमेन्ट बैंकले सो फैसला बदर गरी पाउँ भनी पुनरावेदन दर्ता गर्ने अनुमति माग गरी निवेदन दिई अनुमति प्रदान भै पुनरावेदनको रोहमा पेश भएको पाइन्छ।

१७. पुनरावेदक प्रतिवादी एस डेभलपमेन्ट बैंकको पुनरावेदनमा मुलतः व्याज खर्च, सवारी साधनको ह्रास खर्च र Bond Premium बापतको रकम खर्च कट्टी गर्न नमिल्ने गरी भएको राजश्व न्यायाधीकरणको फैसला बदर गरी खर्च कट्टी गर्न पाउने गरी निर्णय गरी पाउँ भनी र पुनरावेदक वादी ठूला करदाता कार्यालयले ATM Machine/Generator बापतको रकम ह्रास खर्च कट्टी गर्न दिने गरी भएको निर्णय नमिलेको हुँदा बदर गरी खर्च कट्टी गर्न नपाउने गरी निर्णय गरी पाउँ भन्ने नै दावी रहेको पाइन्छ।

१८. अब, पुनरावेदक/प्रतिवादी एस डेभलपमेन्ट बैंकको पुनरावेदन पत्रमा भुक्तानी गर्नु नपर्ने व्याज बापतको दायित्व भनी रु. १८,७७,५३५।- खुद आयबाट छुट दिन नमिल्ने भनी ठूला करदाता कार्यालयको निर्णय सदर गरेको राजश्व न्यायाधीकरणको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने जिकिर रहेतर्फ हेर्दा, करदाता प्रतिवादी बैंकले आफ्नो विवादित आ.व. को नाफा नोक्सान हिसाबमा व्याज खर्च वापत रु. ५,५८,४९,४६७।- खर्च कट्टी दावी गरी भुक्तानी भएको पाइन्छ। विगत आ.व. को व्याज खर्च रहेको वासलात र यस आ.व. मा भुक्तानी गर्नुपर्ने व्याज गरी जम्मा रु. ६,८२,५२,२६८।- भुक्तानी गर्नुपर्नेमा रु. ५,५८,४९,४६७।- भुक्तानी भइसकेकोमा अब भुक्तानी हुन आउने बाँकी व्याज खर्च रु.

१,२४,०२,८०१।- हुनुपर्नेमा करदाताले रु. १,४२,८०,३३६।- उल्लेख गरेबाट दायित्व भन्दा बढी दावी गरिएको रकम रु. १८,१७,५३५।- बढी लेखाँकन गरेको देखिन आउँछ। यसरी वास्तविक भुक्तानी गर्नुपर्ने दायित्व भन्दा बढी रकम दावी गरिएकोमा सो बढी दावी गरिएको रकम निज करदाताको आय नै हुन जाने हुन्छ। भुक्तानी नै गर्नु नपर्ने रकमलाई निज करदाताको भुक्तानी गर्नुपर्ने दायित्व भित्र रहेको मान्न सकिने अवस्था हुँदैन। यस्तो अवस्थामा करदाताको जिकिरसँग सहमत हुन नसकी राजश्व न्यायाधीकरणको फैसलालाई अन्यथा भन्न मिल्ने देखिँदैन।

१९. त्यसैगरी सवारी साधनको ह्रास खर्च रु. १२,८७,५४३।- खुद आयबाट छुट दिन नमिल्ने गरी भएको राजश्व न्यायाधीकरणको फैसला बदर गरी खुद आयबाट मिन्हा पाउँ भन्ने करदाता बैंकको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, पुनरावेदक करदाता बैंकले सुविधा अन्तर्गत आफ्ना कर्मचारीहरुलाई उपलब्ध गराएको सवारी साधनलाई आफ्नो स्थायी सम्पत्तिको सूचीमा समावेश गरि आयकर ऐन, २०५८ को दफा १९ बमोजिम ह्रास कट्टी माग गरेको पाइन्छ। करदाता बैंकले Vahicle Loan Scheme अन्तर्गत निश्चित शर्तका अधिनमा रही आफ्ना कर्मचारीहरुलाई सवारी साधन खरिद गरि प्रयोगमा दिने गरेको र सोको दायित्व बैंकमा नै रहने भनी उक्त सवारी साधन सुविधामा उपलब्ध गराएको भन्ने देखिन्छ। उक्त सवारी साधन बैंकको आय आर्जन गर्ने कार्यमा प्रयोग भएको पनि पाइदैन। सो सवारी साधन कर्मचारीले निर्वाध रुपमा प्रयोग गर्न पाउने देखिन्छ। बैंकको नाममा सवारी साधन रहेको भन्ने आधारले मात्र बैंकको व्यापार व्यवसाय प्रवर्द्धन गर्ने कार्यमा प्रयोगमा नरहेको सवारी साधनको ह्रास कट्टी हुन सक्ने कुनै कानूनी आधार देखिँदैन। सुरक्षणवापत मात्र बैंकले आफ्नो स्वामित्वमा राखिएका ति सवारी साधनको ह्रास खर्च दावी गर्न करदाता बैंकले मिल्ने देखिँदैन। Scheme अन्तर्गत खरिद गरी कर्मचारीलाई प्रयोग गर्न दिएका र सुरक्षण वापतमा आफ्नो नाममा दर्ता रहेको आधारमा मात्र आयकर ऐन, २०५८ को दफा १९ बमोजिम ह्रास खर्च कट्टी दावी गर्न नमिल्ने भनी उक्त रकम खुद आयमा समावेश हुने गरी भएको राजश्व न्यायाधीकरणको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन।

२०. त्यसैगरी Bond Premium Amortize भनी दावी गरेको खर्च रु. २३,१४८।- खुद आयबाट मिन्हा नदिने गरी भएको निर्णय मिलेन बदर गरी पाउँ भन्ने पुनरावेदक करदाताको दावीका सम्बन्धमा हेर्दा, करदाता बैंकको Bond खरिद गर्दा तिरेको Premium वापतको रकम विवादित आ.व. को खर्च भएको नदेखिएको स्थितिमा आयकर ऐन, २०५८ को दफा १३ बमोजिम पछिल्लो अर्थात विवादित वर्षमा खर्च कट्टी दावी गर्न नमिल्ने हुँदा सो रकम खुद आयमा

समावेश हुने र खर्च कट्टी दावी गर्न नमिल्ने भनी भएको राजश्व न्यायाधीकरणको फैसला मिलेकै देखिँदा पुनरावेदन करदाताको जिकिरसँग सहमत हुन सकिएन।

२१. पुनरावेदक वादी ठूला करदाता कार्यालयको पुनरावेदन पत्रमा लिइएको ATM Machine/Generator बापतको ह्रास खर्च दावी गरेको रकम छुट दिने भन्ने राजश्व न्यायाधिकरणको फैसला मिलेन भन्ने जिकिर सम्बन्धमा हेर्दा, आन्तरिक राजश्व विभागबाट मिति २०६४।११।३ मा जारी भएको परिपत्र अनुसार ATM Machine/Generator लाई समुह घ मा राखी १५ प्रतिशतले हुने रकम ह्रास खर्च दावी गर्नुपर्नेमा समुह ख मा राखी २५ प्रतिशतले हुने ह्रास खर्च दावी गरेकाले बढी दावी गरेको उक्त ह्रास खर्च रकम आयकर ऐन, २०५८ को दफा १९(१) बमोजिम खर्च दावी गर्न नमिल्ने भनी शुरु ठूला करदाता कार्यालयबाट निर्णय भएको पाइन्छ। आयकर ऐन, २०५८ को अनुसूची-२ को दफा १ मा ह्रास योग्य सम्पत्तिको वर्गीकरण र समूहीकरण शिर्षक भएको मा सो सम्पत्तिको विवरणमा "ख" वर्गमा **"कम्प्यूटर, तथ्यांक केलाउने उपकरण, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरु"** भनी र वर्ग "घ" मा **"निर्माण तथा उत्खनन सम्बन्धी उपकरणहरु र दफा १७ को उपदफा (३) दफा १८ को उपदफा (३) र यस अनुसूचीको उपदफा (३) समेत अन्य कुनै समावेश नभएका ह्रास योग्य सम्पत्तिहरु"** भन्ने उल्लेख भएको पाइन्छ। अब करदाता एस डेभलपमेन्ट बैंकले दावी गरेको ATM लगायतका उपकरणहरुको ह्रास खर्च उल्लेखित "ख" वर्गमा पर्ने वा "घ" वर्गमा पर्ने के हो भन्ने सम्बन्धमा हेर्दा करदाता एस डेभलपमेन्ट बैंकले प्रतिष्पर्धात्मक तरिकाबाट आफ्ना सेवाग्राहीलाई लाभ दिन सक्नुपर्ने वर्तमान समयमा सेवाग्राहीलाई सुविधा दिने ATM Machine समेतबाट बैंकको व्यवसायिक कारोबारमा समेत वृद्धि हुने स्थिति रहेको पाइन्छ।

२२. यसै सन्दर्भमा यस अदालतबाट **"आयकर ऐन, २०५८ को अनुसूची-२ को १ को वर्ग ख मा कम्प्यूटर, तथ्यांक केलाउने उपकरण, फर्निचर , फिक्स्चर र कार्यालय उपकरणहरुलाई ह्रास योग्य सम्पत्तिको रुपमा उल्लेख भएको देखिँदा करदातालाई आफ्नो व्यवसाय तथा कार्यालय संचालनका लागि उल्लेखित वर्गका उपकरणहरु आवश्यक पर्नेमा विवाद गर्नुपर्ने स्थिति देखिँदैन साथै उक्त वर्ग ख मा उल्लेख भएको कार्यालय उपकरणहरु भित्र के के पर्दछन भनी स्पष्ट परिभाषित गरिएको देखिँदैन। यसरी कार्यालय उपकरणहरु भनी ऐनले स्पष्ट परिभाषित नगरेको सन्दर्भमा करदाताको व्यवसायको प्रकृति र अवस्था समेतलाई विचार गरी निजको व्यवसाय तथा कार्यालय संचालनमा सहजता ल्याउन आवश्यक पर्न सक्ने सामग्रीहरुलाई कार्यालय उपकरणको मान्यता दिई त्यस्तो सामानलाई ह्रास योग्य सम्पत्तिको रुपमा परिभाषित गर्न सक्ने**

**नै देखिने।"** (सर्वोच्च अदालत बुलेटिन २०७५ अंक साउन-२ पृ.२८) न्यायिक सिद्धान्त समेत प्रतिपादन भइरहेको देखिन्छ।

२३. माथि उल्लेख भए बमोजिम प्रतिपादित न्यायिक सिद्धान्त तथा कानूनी व्यवस्था समेतले करदाता बैंकले दावी गरेको ATM Machine र Generator आदी सामानहरु उक्त ह्रास सम्पत्तिको समुह ख को कार्यालय उपकरण भएको कुरामा विवाद देखिँदैन। कार्यालयको काम सँग प्रत्यक्ष सम्बन्धित वस्तुहरु कार्यालय उपकरणको वर्ग ख मा नपरी समुह घ अन्तर्गतको निर्माण तथा उत्खननसँग सम्बन्धित हो भनी व्याख्या र परिभाषा गरिनु विवेकसम्मत र तर्कपूर्ण देखिन आउँदैन। यस्तो अवस्था ATM मेसिन र Generator लगायतका सामानहरु आयकर ऐन, २०५८ को दफा १९ बमोजिम सोही ऐनको अनुसूची-२ को दफा १ को सम्पत्तिको वर्गिकरणको वर्ग ख मा रहेको देखिँदा करदाताले सो सम्पत्तिको ह्रास कट्टी वापतको रकमलाई खुद आयबाट मिन्हा दिने गरी भएको राजश्व न्यायाधीकरणको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।

२४. अतः राजश्व न्यायाधीकरण काठमाडौंको मिति २०७०।६।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी ठूला करदाता कार्यालय र पुनरावेदक प्रतिवादी एस डेलभपमेन्ट बैंक सो पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी यो फैसला विद्युतीय प्रणालीमा प्रविष्ठ गरी मिसिल नियमानुसार बुझाईदिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव): इन्द्रबहादुर कठायत र भेषराज भट्टराई

कम्प्युटर टाईप गर्नेः विकेश गुरागाई

इति संवत २०७९ भदौ १३ गते रोज २ शुभम् ----------------------------।